# हिमालयन बैंक लिमिटेडको

# चौबिसौं वार्षिक साधारण सभाबारे सूचना

२०७३ साल मार्ग महिना ३० गते बसेको संचालक समितिको बैठक नं ३३९को निर्णयानुसार यस बैंकको चौबिसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अवगत गराउँदै सो सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**चौबिसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**

१) मिति : २०७३ साल पौष २२ गते शुक्रबार (तदनुसार ६ जनवरी २०१७)
२) समय : बिहान ११:३० बजे
३) स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लब भद्रकाली, काठमाडौं ।

**छलफलका विषय(सूची**

**क) सामान्य प्रस्ताव**

१) चौबिसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,
३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १.५७८९ प्रतिशत नगद लाभाँश रु. ७१,०३९,१३२/- (बोनस शेयरको कर प्रयोजनको लागि) दिने प्रस्ताव स्वीकृत गर्ने,
४) बैंकले आर्थिक वर्ष २०७२/७३ मा संस्थागत सामाजिक उत्तदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत श्री करुणामय मन्दिरको निर्माण, त्रिशुली/दोलखाबासी भुकम्पपिडितलाई कम्बल वितरण तथा स्वस्थ्य उपचारका लागि प्रदान गरेको जम्मा रु. १२ लाख ५१ हजार ७ सय ३० मात्र अनुमोदन गर्ने,
५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७३/७४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्त हुन सक्नु हुनेछ)

**ख) विशेष प्रस्ताव**

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको ३० प्रतिशतले हुने रु. १,३४९,७४३,५००/- बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।
२) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध

**जानकारी**

१) मिति २०७३ साल पौष ६ गते देखि २०७३ साल पौष २२ गते सम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराईन्छ ।
२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावली को संशोधन सहितको विवरण पठाइने छ ।
३) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रोक्सी फाराम बैंकको केन्द्रीय कार्यालय कमलादी समक्ष दर्ता गरिसक्नु पर्नेछ । मुकर्रर प्रतिनिधि बैंकको शेयरधनी हुनु अनिवार्य छ ।
४) सभामा भाग लिन र मतदान गर्न प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गरिसके पछि सोलाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलादीमा जानकारी दिनु पर्नेछ ।
५) छलफलको विषयमध्ये विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ ।
६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन हितग्राही खाता खोलिएको (De-Mat)/शेयरधनी परिचय पत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयरप्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।
७) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।
८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो वदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत बैंकको केन्द्रीय कार्यालय कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९) हाजिर पुस्तिका बिहान १०:०० बजे देखी अपरान्ह १:३० बजे सम्म खुल्ला रहने छ ।

**शेयरधनी महानुभावहरुलाई जानकारी** :

क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौजाद रु. ५००।- (पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभाँश रकम उक्त खातामा जम्मा गरिनेछ ।
(ख) आ.ब २०७१।७२ र सो भन्दा अगाडिको लाभाँश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले बैंकको कमलादी स्थित प्रधान कार्यालय,कानून तथा शेयर शाखाबाट लिनु हुन अनुरोध छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

HBL | हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.